# विष्णुपुर गाउपालिका
# गाउ कार्यपालिकाको कार्यालय
विष्णुपुर प्र.म., सिरहा
प्रदेश नं.२, नेपाल

## पोखरी ठेक्का बन्दोवस्त सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७५।०७।०८**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ को उपदफा २ (ग) बमोजिम यस विष्णुपुर गाउँपालिका अन्तर्गत रहेको सार्वजनिक तथा ऐलानी पोखरीहरुको ठेक्का आ.व. २०७५/०७६ देखि २०७७/०७८ को आषाढ मसान्त सम्म जम्मा ३ वर्षको लागि गोप्य टेण्डरद्वारा ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ७ दिने सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र ठेक्का लिन इच्छुक व्यक्ति/फर्म/कम्पनीले तपसिलका नियम तथा शर्तहरुको अधिनभित्र रही गोप्य शिलवन्दी दरभाउपत्र खरिद गरी दाखिला गर्नुहुन जानकारी गराइन्छ ।

तपसिल :

| सि नं. | जिल्ला | साविक गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | पोखरीको नाम | ठेक्काको सुरु अंक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | सिरहा | राजपुर | ६ ख | ३३२ | ०-६-१५ | राजपुर पोखरियाटोल | १२५०००.०० | |
| २ | ,, | राजपुर | ५ ख | १८८ | ०-८-१० | राजपुर गुरुशरणवाला पोखरी | ९४०००.०० | |
| ३ | ,, | राजपुर | ५ ख | ११० | ०-१०-१७ | राजपुर अधिकारी पोखरी | २०००००.०० | |
| ४ | ,, | राजपुर | ९ क | ३९४ | १-१४-१० | रजोखरी बडकी पोखरी | १३७००००.०० | |
| ५ | ,, | राजपुर | २ क | १२९ | १-०-० | सूडियावाला पोखरी | ४५००००.०० | |
| ६. | ,, | विष्णुपुर | ७ | ४४४ | १-१०-० | हरिनगरा स्कूलवाला पोखरी | ९७५०००.०० | |
| ७ | ,, | विष्णुपुर | १६/८ अर्ध २२ तुल क्षेत्रफल भित्रको | | ०-१८-१२ | घुटर घरनजिकको बडकी पोखरी हाल विष्णुपुर गा.पा.-१ | ७५००००.०० | |
| ८. | ,, | थल्हा | ३ | २८२ | ०-१४-२ | हरि कुसियैत पोखरी हाल वडा नं ४ | ३३८०००.०० | |
| ९. | ,, | थल्हा | ४ | १७५ | ०-५-१७ | शिवराजीबाला पोखरी हाल वाड नं ४ | २६३०००.०० | |
| १०. | ,, | थल्हा | ४ | १५२ | ०-१७-० | खरदारबाला पोखरी हाल वडा नं ४ | ३३८०००.०० | |
| ११. | ,, | थल्हा | ६ | १ | ०-११-१५ | जगवाला पोखरी हाल वडा नं ४ | १८८०००.०० | |
| १२. | ,, | थल्हा | ६ | २५ | ०-५-१० | बभनाबाला पोखरी हाल वडा नं ४ | ११३०००.०० | |
| १३. | ,, | थल्हा | ६ | ३ | ०-१३-०९ | कैलुबाला पोखरी हाल वडा नं ४ | ११३०००.०० | |
| १४. | ,, | थल्हा | ९ | १३ | ०-९-१ | राम प्रसाद साहुवाला पोखरी हाल वडा नं ४ | २२५०००.०० | |
| १५. | ,, | थल्हा | ९ | १५ | ०-१२-१० | राम अवतार साहुवाला पोखरी हाल वडा नं ४ | २६३०००.०० | |
| १६. | ,, | थल्हा | ७ | ३५ | ०-१३-१५ | दिनेश साहुवाला पोखरी हाल वडा नं ४ | ३३८०००.०० | |
| १७. | ,, | बथानटोल | ६ | ३३० | ०-८-१० | बथानटोलबाला पोखरी हाल वडा नं ४ | ३०००००.०० | |
| १८. | ,, | थल्हा | ३ | २८९ | ०-६-१३ | रामबाबु यादवबाला पोखरी हाल वडा नं ४ | १५००००.०० | |
| १९. | ,, | करहर्वा | १ | २५५ | ०-१७-१० | करहर्वा पोखरी हाल वडा नं ४ | ४८८०००.०० | |
| २०. | ,, | खोरियाटोल | ३ | ३६७ | ७-०-० क्षेत्रफल भित्रको | खोरियाटोल पोखरी हाल वडा नं १ | १४२५०००.०० | |
| २१. | ,, | राजपुर | ३ | ६४ | ०-९-१० | गुरुदयारबाला पोखरी हाल वडा २ | ३३८०००.०० | |
| २२ | ,, | लक्ष्मीपुर | ३ | गाउँ ब्लोक | ०-११-१५ | लक्ष्मीपुर सार्वजनिक पोखरी | १५००००.०० | |
| २३ | ,, | राजपुर | ९ | १३७ | ०-१४-११ | भिण्दवारवाला पोखरी हाल वडा ३ | १५००००.०० | |

नियम तथा शर्तहरु :-

१. विष्णुपुर गाउँकार्यपालिका, विष्णुपुरबाट पछि फिर्ता नहुने गरी रु. १०००।- अक्षरेपी एक हजारमात्रको दस्तुर तिरी ७ औं दिनसम्म कार्यालय समयभित्र दरभाउपत्र खरिद गर्न सकिनेछ ।

२. सूचना प्रकाशन भएको मितिले ८ औं दिनको १२:०० बजेभित्र आफूले कबोल गरेको ठेक्काको सि.नं, साविक गा.वि.स., वडा नं र पोखरीको नाम स्पष्ट लेखि प्रत्येक ठेक्काको छुटाछुट्टै शिलवन्दी गरी स्वदेशी नागरिक भए ५% र विदेशी नागरिक भए १०% धरौटी रकम यस कार्यालयको एन.आई.सी.एसिया बैंक शाखा मिर्चैया स्थित खाता नं 66CA499257524008 मा नगदै दाखिल गरेको सक्कलै बैंक भौउचर वा नेपाल राष्ट्रिय बैंकबाट मान्यता प्राप्त बैंकबाट ठेक्का नं र ठेक्काको नाम स्पष्ट उल्लेख गरी यस कार्यालयको नाउँमा जारी भएको कम्तीमा ७५ दिनको म्याद भएको विड वण्ड संलग्न गरी शिलवन्दी दरभाउपत्र यस गाउँपालिकामा दाखिला गर्नुपर्नेछ । दाखिला हुन आएका दरभाउपत्र सोही दिनको २:०० बजे यस कार्यालयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिने छ । सो समयमा दरभाउपत्रदाता वा प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।
(कार्यालय कोड नं. १६-३६५-२९, विष्णुपुर गाउँकार्यपालिकाको कार्यालय, विष्णुपुर प्र.म., सिरहा) ।

३. दरभाउपत्र खरिद दर्ता र खोलिने दिन सार्वजनिक विदा पर्न गएमा सम्वन्धित कार्यहरु सोको भोली पल्ट गरिनेछ ।

४. फर्म/कम्पनीको हकमा दरभाउपत्रदाताले कम्पनी दर्ताको प्रमाणपत्र, स्थायी लेखा दर्ता नं तथा मू.अ.कर दर्ता प्रमाणपत्र र आ.ब. २०७४।०७५ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपीहरु पेश गर्नुपर्नेछ ।

५. दरभाउपत्र फाराम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा उल्लेख गर्नुपर्नेछ । अन्यथा सो दरभाउपत्र मान्य हुने छैन । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । दरभाउपत्रदाताले दरभाउपत्र फाराममा मात्र कवोल अंक लेख्नु पर्नेछ । सो भन्दा अन्यत्र कवोल गरेको अंकलाई मान्यता दिइने छैन ।

६. यस गाउँपालिकाबाट लगाइने ठेक्का वापतको रकम ठेकेदारले कवोल गरेको रकम एक मुष्ट रुपमा वा किस्ता बन्दीमा वुझाउन सकिनेछ । ठेकेदारले सम्झौताको समयमा सम्पूर्ण कबोल रकम एकमुष्ट वुझाएमा औचित्य हेरी वढीमा कबोल अंकको १०% सम्म छुट दिन सकिनेछ । किस्ता बन्दीमा रकम वुझाउने भए कुल कबोल अंकको ६०% बरावरको रकम सम्झौता बखत बुझाउनु पर्नेछ र बाँकी दोश्रो/तेश्रो किस्ता रकमको हकमा यस गाउँपालिकाको नाउँमा नेपाल राष्ट्रिय बैंकबाट मान्यता प्राप्त बैंकबाट जारी गरिएको कम्तिमा आ.ब. २०७८ श्रावण मसान्त म्याद भएको कार्यसम्पादन जमानत (Performance Bond) वा गाउँपालिकाको निर्णय बमोजिमको धितो जमानी पेश भएपछि सम्झौता गरी चलन पुर्जी दिइनेछ ।

७. किस्ता अवधि : प्रथम किस्ता सम्झौता बखत, दोश्रो किस्ता २०७६ साल श्रावण मसान्त भित्र र तेश्रो किस्ता २०७७ साल श्रावण मसान्त भित्र वुझाउनु पर्नेछ । तोकिएको म्यादमा किस्ता रकम नवुझाएमा नियमानुसार हर्जना सहित असुल गरिनेछ ।

८. म्याद नाघि आएको, रीत्त नपुगेको र शर्त राखिएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

९. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन, २०७३ सहित) बमोजिम हुनेछ ।

१०. दरभाउपत्रदातावाट पेश भएको दरभाउपत्र पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा निहित रहनेछ ।

११. यस सम्वन्धी अन्य थप कुराहरु बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ । यस कार्यालयको सम्पर्क फोन नं. ०३३-४०२०५९ र मोवाईल नम्वर ९८४२८४७२६८ वाट समेत जानकारी प्राप्त गर्न सकिने छ ।